# शहिद लखन गाउँ कार्यपालिकाको ९७औँ बैठक

आज मिति २०८३ साल भदौ ८ गते, नेपाल संवत् ११४६ गंलाथ्वः द्वादशी, सोमबारका दिन शहिद लखन गाउँ कार्यपालिकाको ९७औँ बैठक गाउँपालिकाका आदर्णीय अध्यक्ष श्री रमेश बाबु थापा मगरज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णयहरु गरियो।

**उपस्थिति:**

| | | |
|---|---|---|
| १. श्री रमेश बाबु थापा मगर | अध्यक्ष | |
| २. श्री इन्दिरा तिवारी | उपाध्यक्ष | |
| ३. श्री बाबुराम मगर | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. श्री प्रेम गुरुङ | वडाध्यक्ष, वडा नं १ | |
| ५. श्री सकुन थापा मगर | वडाध्यक्ष, वडा नं २ | |
| ६. श्री दिपक पाण्डे | वडाध्यक्ष, वडा नं ३ | |
| ७. श्री यम बहादुर थापा | वडाध्यक्ष, वडा नं ४ | |
| ८. श्री यम बहादुर राना | वडाध्यक्ष, वडा नं ५ | |
| ९. श्री दिलिप नारायण थापा | वडाध्यक्ष, वडा नं ६ | |
| १०. श्री शरण श्रेष्ठ | वडाध्यक्ष, वडा नं ७ | |
| ११. श्री बासुदेव ढकाल | वडाध्यक्ष, वडा नं ८ | |
| १२. श्री राम कुमार श्रेष्ठ | वडाध्यक्ष, वडा नं ९ | |
| १३. श्री कृष्ण बहादुर प्रजा | कार्यपालिका अल्पसंख्यक सदस्य | |
| १४. श्री शोभा नेपाली | कार्यपालिका दलित महिला सदस्य | |
| १५. श्री गिता परियार | कार्यपालिका महिला सदस्य | |
| १६. श्री लिना थापा | कार्यपालिका महिला सदस्य | |

| | | |
|---|---|---|
| १७. श्री हस्त कुमारी गुरुङ्ग | कार्यपालिका महिला सदस्य | [signature] |
| १८. श्री विमला ढुंगाना अंगाई | कार्यपालिका महिला सदस्य | [signature] |
| १९. ई. राजन रानाभाट | इन्जिनियर | [signature] |
| २०. श्री हर्क बहादुर गहतराज | प्र. प्र. प. | [signature] |
| २१. श्री. प्रेम बहादुर आले | वरिष्ठ अ. हे. व | [signature] |
| २२. नविन अधिकारी | कृषि अधिकृत | [signature] |
| २३. श्री सोम अले | MIS Operator | [signature] |
| २४. विजय श्रेष्ठ | प्र. ना. नि. | [signature] |
| २५. निर्मला श्रेष्ठ | सि. अ. न. मि. नि | [signature] |
| २६. तारामणि घिमिरे | ना. प. स्वा. प्र. | [signature] |
| २७. नरेन्द्र श्रेष्ठ | (ना. स्वा. प्र. | [signature] |
| २८. अर्बिन थापा | सु. प्र. अ. | [signature] |
| २९. | | |
| ३०. | | |
| ३१. गोविन्द चौधरी | का. स | [signature] |
| ३२. सर्मिला गुरुङ | '' | [signature] |
| ३३. | | |
| ३४. | | |
| ३५. | | |

**प्रस्ताव नं. १: दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका विद्यार्थीका लागि उच्च शिक्षा तथा प्राविधिक शिक्षा छात्रवृत्ति व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं. १:** प्रस्ताव नं. १ माथि छलफल गर्दा, आर्थिक वर्ष २०८३।८४ को स्वीकृत दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका विद्यार्थीका लागि उच्च शिक्षा तथा प्राविधिक शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यान्वयनका लागि शैक्षिक छात्रवृत्ति समितिको सिफारिस अनुसार शहिद लखन गाउँपालिकाको दलित, सीमान्तकृत, अति सीमान्तकृत तथा मुस्लिम समुदायका विद्यार्थीका लागि उच्च शिक्षा तथा प्राविधिक शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८२ को दफा ५ (१) व्यवस्था बमोजिम प्रस्ताव आह्वान गर्नका लागि ३० दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २: एकल महिला लक्षित आय आर्जन कार्यक्रम सम्बन्धमा।**

**निर्णय नं. २:** प्रस्ताव नं. ३ माथि छलफल गर्दा, आर्थिक वर्ष २०८३।८४ को स्वीकृत एकल महिला लक्षित आय आर्जन कार्यक्रम कार्यान्वयनका लागि शहिद लखन गाउँपालिकाभित्रका विपन्न र आर्थिक रुपले पछाडी परेका एकल महिलाहरूको आर्थिक उत्थान तथा स्वरोजगार प्रवर्द्धनमा सहयोग पुर्याउने उद्देश्यले गाउँपालिकाले ७५ प्रतिशत अनुदान र सम्बन्धित लाभग्राहीहरुको २५ प्रतिशत लागत साझेदारीमा मौरीको गोला सहित घार वितरण गर्नेको लागि प्रस्ताव आह्वान गर्ने १५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३: शहिद लखन गाउँपालिकाको खर्च सम्बन्धी निर्देशिका, २०८३ सम्बन्धमा।**

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ माथि छलफल गर्दा, यस गाउँपालिकाको आर्थिक प्रशासन तथा बजेट कार्यान्वयनलाई थप पारदर्शी, मितव्ययी र व्यवस्थित बनाउन निर्देशिका निर्माण गरी लागू गर्न वाञ्छनीय देखिएकाले **"शहिद लखन गाउँपालिकाको खर्च सम्बन्धी निर्देशिका, २०८३"** स्वीकृत गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ४: कर्मचारी नियुक्ति अनुमोदन सम्बन्धमा।**

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ माथि छलफल गर्दा, प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश, पोखराबाट सिफारिस भइ आएका तपसिल बमोजिमको व्यक्तिहरूलाई गण्डकी प्रदेश स्थानीय सेवा(गठन तथा सञ्चालन) ऐन,२०७९ को दफा १६ बमोजिम र ऐ. ऐ. को दफा २२ बमोजिम पुरुषका लागि एक वर्ष र महिलाका लागि छ महिना परीक्षण काल सहित गरिएको स्थायी नियुक्तिलाई अनुमोदन गर्ने निर्णय गरियो।

**तपसिल:**

| क्र.सं. | विज्ञापन नं. | सूचना नं. र निर्णय मिति | नाम थर र ठेगाना | आ.प्र./अन्तर तह/खुला तथा समावेशी | सेवा/समूह | पद | तह |
|---|---|---|---|---|---|---|---|
| १ | ४०२०/२०८२-८३ | २२/२०८३-८४ २०८३।०४।२१ | श्री दिब्या सुनार, पुनर्वास नगरपालिका-१, कञ्चनपुर | खुला | स्थानीय स्वास्थ्य सेवा, प.हे.न. समूह | अ.न.मी | चौथो |
| २ | ४०२६/२०८२-८३ | २८/२०८३-८४ २०८३।०४।२१ | श्री आरती जसराज, त्रियुगा नगरपालिका-९, उदयपुर | थारु | स्थानीय स्वास्थ्य सेवा, प.हे.न. समूह | अ.न.मी | चौथो |

**प्रस्ताव नं. ५: मनकामना फोहोरमैला व्यवस्थापन आयोजनामा सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धमा।**

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ माथि छलफल गर्दा, "मनकामना फोहोरमैला व्यवस्थापन परियोजना" सञ्चालनका लागि गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र यस गाउँपालिका बीच मिति २०८२।१०।१४ गते भएको द्विपक्षीय सम्झौता बमोजिम परियोजनाका कार्यहरू सञ्चालन गर्न आवश्यक पर्ने **सामाजिक परिचालक** पदमा आ.व. २०८३/०८४ (एक आर्थिक वर्ष) का लागि मात्र लागू हुने गरी सेवा करारमा कर्मचारी भर्ना गर्न नियमानुसार सूचना प्रकाशन गरी पदपूर्ति प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ६: वार्षिक कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा।**

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ माथि छलफल गर्दा, यस शहिद लखन गाउँपालिका अन्तर्गतका विषयगत शाखाहरू तथा वडा कार्यालयहरूबाट पेश भई आएको वार्षिक कार्ययोजना माथि छलफल गरी, चालु आ.व. २०८३।८४को स्वीकृत बजेट तथा कार्यक्रमहरूलाई निर्धारित समयभित्र व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न उक्त शाखा वडाबाट प्राप्त वार्षिक कार्ययोजना स्वीकृत गर्ने र सोही अनुसार कार्य अगाडि बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ७: सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने सम्बन्धमा।**

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ माथि छलफल गर्दा, चालु आर्थिक वर्षमा सामाजिक सुरक्षा कोषका लागि बजेट विनियोजन भइसकेकोले प्रथम चरणमा यस शहिद लखन गाउँपालिका कार्यालय, मातहतका वडा कार्यालयहरू, स्वास्थ्य चौकीहरू तथा आयुर्वेदिक औषधालयमा कार्यरत कार्यालय सहयोगी तथा हलुका सवारी चालकहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने निर्णय गरियो। सोका लागि निजहरूले पाउने स्वीकृत तलवको ६०% लाई आधार मानी सोको २०% गाउँपालिकाको तर्फबाट र ११% सम्बन्धित कर्मचारीका तर्फबाट योगदान रहने गरी नियमानुसार प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ८: कृषि विकास शाखाको स्वीकृत कार्यक्रम अनुसार सूचना प्रकाशन गर्ने सम्बन्धमा।**

**निर्णय नं. ८:** प्रस्ताव नं. ८ माथि छलफल गर्दा, यस शहिद लखन गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विकास शाखा मार्फत सञ्चालन हुने कार्यक्रमहरू (मौरी प्रवर्द्धन, मागमा आधारित कृषि उपकरण तथा तेलहन बाली प्रवर्द्धन कार्यक्रम) कार्यान्वयनका लागि नियमानुसार १५ दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ९: आयोजनाको नाम संशोधन सम्बन्धमा।**

निर्णय नं. ९: प्रस्ताव नं. ९ माथि छलफल गर्दा शहिद लखन गाउँपालिकाद्वारा विनियोजन भएका कतिपय योजना तथा कार्यक्रमहरु कम आवश्यकता महसुस भएको र विनियोजन ऐनमा नसमेटिएका कतिपय योजना तथा कार्यक्रमहरु बढी आवश्यकता महसुस भएकाले सम्बन्धित वडाको सिफारिसमा तपसिल बमोजिमको योजनाको नाम कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**तपसिलः**

| योजनाको नाम | विनियोजित रकम | कायम योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| टोड्के खानेपानी मुल संरक्षण | २,००,००० | सिउडेपानी कुवा, कोलडाँडा छापथोक वडा कार्यालय सडक स्तरोन्नती आयोजना | ३,००,००० | वडा नं ८ |
| विपद व्यवस्थापन | १,००,००० | | | |

**प्रस्ताव नं. १०: मानव अधिकार सम्बन्धी स्थानीय समन्वय समिति गठन सम्बन्धमा।**

**निर्णय नं. १०:** प्रस्ताव नं. १० माथि छलफल गर्दा, तपसिल बमोजिमको मानव अधिकार सम्बन्धी स्थानीय समन्वय समिति गठन गर्ने निर्णय गरियो।

**तपसिलः**

| क्र.सं. | नाम | पद/जिम्मेवारी | समितिको पद |
|---|---|---|---|
| १. | श्री रमेश बाबु थापा मगर | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २. | श्री इन्दिरा तिवारी | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. | श्री प्रेम गुरुङ्ग | वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | श्री सकुन थापा मगर | वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | श्री दिपक पाण्डे | वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | श्री यम बहादुर थापा | वडाध्यक्ष, वडा नं. ४ | सदस्य |